मेचीकाली मिति २०८३।२।६ गते

# श्री भृकुटी सामुदायिक वन उपभोक्ता समूह

बुद्धभूमि नगरपालिका वडा नं. १, शान्तिपुर, कपिलवस्तु

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८३/०२/०५ गते

श्री भृकुटी साझेदारी वन उपभोक्ता समूह, बुद्धभूमि न.पा-१, शान्तिपुर, कपिलवस्तुले आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार पुनरुत्पादन कटान तथा ढलापडा रुखहरु संकलन गरी उत्पादन आम्दानी हुन आई समूहको घाटगद्दीमा लट बनाई राखिएको साल, असना, जामुन, बाभी, खयर लगायत अन्य जातको गोलिया काठ थान ४२४ को १९३०.७० घ.फि. र साल दाउरा १.०० चट्टा र अन्य दाउरा ५.०० चट्टा गरी जम्मा ६.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिनभित्र खरिद गरी २२औं दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

अमर थापा (अध्यक्ष)